# आर्थिक वर्ष २०७४/०७५ को नीतिगत निर्णयहरु :

**निर्णय नं. १**

आर्थिक वर्ष ०७३/०७४ को नगरपालिका बोर्डबाट पारित गरिएका सम्पूर्ण निर्णय तथा नगरसभाबाट अनुमोदन गर्ने गरी गरिएका सम्पूर्ण काम कारबाहीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाभित्र रहेका **सम्पूर्ण ऐलानी, पर्ति, सार्वजनिक र नगरपालिकाको स्वामित्वमा रहेका जग्गाको लगत तयार गरी नक्शांकन पश्चात तारवार लगाई संरक्षण र सम्बर्द्धन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ३**

दाउन्ने, सरनटाँडि, सटाकखोला, केउली, उजेरी, लडियावास, मुढावास र दलदले **व्यवसायिक तरकारी खेती र बाख्रापालक कृषकलाई प्रोत्साहन गर्न राष्ट्रपति चुरे संरक्षण कार्यक्रमलाई अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिकाको मूल नारा **"पर्यटन, कृषि र पूर्वाधार, समृद्धदेवदहको मूल आधार"** लाई नगरपालिकाको विकास तथा निर्माण कार्यमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

**उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनालाई** कार्यस्थलमा स्वीकृत ढाँचामा नगरपालिकाको निर्वाचित जनप्रतिनिधिको रोहवरमा **सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने** र उपभोक्ता समिति मार्फत संचालित योजना तथा कार्यक्रमको मूल्याकंन विलको आधारमा भुक्तानी दिने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.६**

उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुमा कालोपत्रेको लागि कम्तिमा ३० प्रतिशत र अन्य योजनाको लागि २० प्रतिशत **लागत सहभागित** जुटाउने गरी योजना कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.७**

नगरपालिकाको क्षेत्रभित्र रहेका सम्पूर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पुन:नापी गरी नयाँ **नाप-नक्शा तयार** गर्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

नगरपालिकाको **नगर सडक यातायात गुरुयोजना**मा (MTMP) साविक सिक्टहन गा.वि.स. हाल देवदह नगरपालिका वडा नं ११ र १२ लाई समावेश गरी तयार गर्ने र नगरस्तरीय **सडक गुरुयोजना अनुरुप सडकको नामाकरण र न्यूनतम मापदण्ड सहितको सूचना बोर्ड राख्ने** निर्णय गरियो साथै वडा समिति र टोल सुधार समितिको सहकार्यमा नगरपालिकाको सडकको लम्बाई, चौडाई र नामाकरण सहितको नगर यातायात गुरुयोजना (MTMP) तथा कार्ययोजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

बुटवल उप-महानगरपालिका सिमानादेखि सुनवल नगरपालिका सिमानासम्मलाई **"सफा सडक"** को रुपमा विकास गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

देवदह नगरपालिकाको **सरसफाई केन्द्र स्थापना गर्न देवदहस्थित खानेपानी संस्थाहरुसंग समन्वय गर्ने** निर्णय गरियो ।

**निर्णय नं ११**

**मुसहर बस्तिको शिक्षा र स्वास्थ्यको अवस्था सुधार गरि व्यवसायिक कृषि तथा उद्यम कार्यक्रम संचालन गर्ने** र समय समयमा मुसहर वस्तीमा पुगी शिक्षा, स्वास्थ्य र रोजगारीको सूचना लिने निर्णय गरियो ।

**निर्णय नं १२**

अव्यवस्थित वसोवासको दीर्घकालिन समस्या समाधान गर्न आवश्यक कानुनी प्रक्रिया पुरा गरी नाप-जाँच र तथ्याङ्क संकलन समेत गरी **व्यवस्थित वसोवास र जग्गाधनी प्रमाण पूर्जाका लागि नेपाल सरकारलाई अनुरोध गर्ने** साथै नगरभित्रको वमोवास क्षेत्रलाई आवादी क्षेत्र कायम गर्न सम्वन्धित निकायमा आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

देबदहभित्र संचालित **सहकारी, गैर सरकारी संस्था, महिला समूह र क्लब लगायतका संघ संस्था नगरपालिकामा अनिवार्य दर्ता** पश्चात मात्र संचालन गर्नुपर्ने र नविकरण गर्न प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र लेखापरिक्षण गरी सोको प्रतिवेदन समेत पेश गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

**५ लाख देखि माथिको सडक कालोपत्रे गर्दा Lab Test अनिवार्य** गर्नुपर्ने भएकोले लागत अनुमान गर्दा Lab Test को लागि लागत रकम छुट्टाउने र विकास निर्माणमा प्रयोग हुने **निर्माण सामग्रीको Lab Test** सम्बन्धित विज्ञ प्राविधिकले तोकेवमोजिम हुने निर्णय गरियो ।

**निर्णय नं. १५**

**योजनाको सम्झौता तथा भुक्तानी प्रकृया**लाई नेपाल सरकारको कार्यबिधि तथा नियमानुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

खैरेनी बजारको आसपासको क्षेत्रमा **"तरकारी, मासु तथा फलफूल बजार"** सार्वजनिक-निजी साझेदारीमा उपयुक्त स्थान पहिचान गरी संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७**

नगरपालिकाभित्र संचालित **ठेला, टेम्पो, रिक्सा तथा इ-रिक्सा नगरपालिकामा दर्ता र नविकरण** गरी तत्पश्चात मात्र संचालन गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

नगरपालिका क्षेत्रभित्रका **जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा नगरपालिकाबाट स्वीकृती लिनु पर्ने** र न्युनतम २० फुट सडक, खानेपानी, ढल निकासर विद्युतको व्यवस्था सहित निवेदन पेश गर्नु पर्नेछ साथै मापडण्ड नपुगेका प्लटिङ्ग कार्यलाई स्वीकृती नदिने निर्णय गरियो । नगरपालीकाक्षेत्रभित्र दिनानुदिन बढ्दै गएको अव्यवथित प्लटिङ तथा जग्गा खण्डीकरण कार्यले कृषिभूमि ह्रास हुदै अव्यवथित शहरीकरण बढ्दै गएकोले सो कार्यलाई निरुत्साहित गर्न **सम्पूर्ण सरोकारवालाको सहयोग लिई भू-उपयोग नीति तयार गर्ने** र **प्रचलित कानुन वमोजिम Planning Permit पश्चात मात्र जग्गा खण्डीकरणको लागि स्वीकृति दिने र कार्यान्वयन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. १९**

**सन् २०१७ भित्र देवदह नगरपालिकालाई धुँवामुक्त नगर घोषणा** गर्नका लागि जिल्ला समन्वय समिति, रुपन्देही, सम्बन्धित मन्त्रालय तथा गैर सरकारी संघ संस्थासँग सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

देवदह नगरपालिकामा **विपद व्यवस्थापन गर्नका लागि** सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरि **कार्यक्रम संचालन गर्ने तथा विपत व्यवस्थापन कोष खडा गर्ने** र नगरपालिकामा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा गरी सो अनुसार नगरक्षेत्रभित्र अप्रत्यासित प्राकृतिक प्रकोपबाट पिडित नगरवासीको माग सम्बोधन गर्न विभिन्न विषयगत कार्यालयमा आवश्यक सहयोग गर्न अनुरोध गरी पठाउने र नगरकार्यपालिकाबाट **क्षति हेरी रु. ५,०००।- सम्म अधिकतम राहत स्वरुप विपत जोखिम व्यवस्थापन कोषबाट उपलव्ध गराउने** निर्णय गरियो ।

**निर्णय नं. २१**

देवदह नगरपालिकाको निर्माण हुदै गरेको कार्यालय भवनको नाम **"मायादेवी भवन"** नामाकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

देवदह क्षेत्रमा आ.व. २०७४/०७५ को स्वीकृ**त लघु उद्यम साझेदारी कार्यक्रम संचालन** गर्न चाहने **सरकारी तथा गैर सरकारी संघ संस्थासंग सहकार्य** गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

देवदहका तपशिलका **पर्यटकीय स्थलमा स्थानीय समितिलाई निरन्तरता दिने** र समितिहरु नगरपालिकामा अनिवार्य दर्ता गर्नुपर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १) देवदह पर्यटन समिति | २) पाकडी बृक्ष पर्यटन समिति | ३) वैरीमाई कन्यामाई पर्यटन समिति |
| ४) भवानीपुर पर्यटन समिति | ५) शिसपुर होम स्टे पर्यटन समिति | ६) सरनवारी होम स्टे पर्यटन समिति |
| ७) माथागढी पर्यटन समिति | ८) पेटवानीया कृषि पर्यटन समिति | ९) नागथान पर्यटन समिति |
| १०) सिमसार पर्यटन समिति | ११) मुढावास लडियावास पर्यटन समिति | १२) खयरडाँडा सम्वद्धन सम्पादन समिति |
| १३) बंगला ऐतिहासिक कुँवा | | |

**निर्णय नं. २४**

**देवदह क्षेत्रका** देहायका **पार्कहरु स्तरोन्नति गर्ने** निर्णय गरियो :

| | | |
|---|---|---|
| १.मायादेवी पार्क देवदह- ८ | २. यशोधरा पार्क देवदह- ७ | ३. दाउन्ने पिकनिक स्पोँटदेवदह-६ |
| ४. पेटवानीया पार्क देवदह- २ | ५. लव्ली पार्कदेवदह- १ | ६. मदन आश्रृत पार्क देवदह-७ |
| ७. वी.पी. पार्क | ८. सहिद स्मृति पार्क देवदह-७ | ९. महिला तथा वाल उद्यान पार्क- ९ |
| १०. वुद्ध पार्क- १० | ११. केउली पार्क | १२. बैकुण्ठनगर पार्क |
| १३. कोलिय पार्क खेलकुद मैदान | १४. गौतम बुद्ध मावली पार्क | १५. बोटानिकल गार्डेर्न- ९ |

**निर्णय नं.२५**

**सामुदायिक वनको पूँजिगत आम्दानीको न्युनतम ५ प्रतिशत रकम देवदह नगरपालिकासंग सहकार्य गरी साझेदारी कार्यक्रममा लगानी गरी संचालन गर्न अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. २६**

देवदहमा संचालित सहकारीलाई व्यवसायिक कृषि क्षेत्रमा लगानी गर्न र **"एक सहकारी एक पहिचान"** कायम राख्ने र सहकार्य गर्ने साथै नगरपालिकामा रहेका सहकारीको सहकार्य र समन्वयको लागि **"सहकारी समन्वय मञ्च"** गठन गर्न नगरपालिकाले पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

आ.व.०७४।०७५ को **कन्टिनजेन्सीबाट** तपशिलका **कार्यक्रम संचालन गर्ने** निर्णय गरियो :

तपशिल

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १ | वडास्तरीय भेला संचालन र व्यवस्थापन | २,००,००० |
| २ | प्राविधिक उपकरण खरिद | ३,००,००० |
| ३ | करदाता शिक्षा कार्यक्रम | २,००,००० |
| ४ | इन्धन | ३,००,००० |
| ५ | छपाई | ५,००,००० |
| ६ | अनुगमन तथा मूल्याकंन (योजना तथा कार्यक्रम) | ५,००,००० |
| ७ | उपभोक्ता समिति/टोल सुधार समिति तालिम | १,००,००० |
| ८ | नगरस्तरीय बजार अनुगमन (हाट बजार, मासु पसल ) | ३,००,००० |
| ९ | प्राविधिक/प्रशासनिक कर्मचारी पुनर्ताजगि तालिम | |
| | क. श्रेणी विहिन | १,००,००० |
| | ख. सहायकस्तर | ३,००,००० |
| | ग. अधिकृतस्तर | २,००,००० |
| १० | भ्रमण/दैनिक भ्रमण भत्ता | ५,००,००० |
| **जम्मा** | | **३५,००,०००** |

**निर्णय नं. २८**

नगरपालिकामा ६७ प्रतिशत क्षेत्र वन जंगलरहेको र २६ वटा सामुदायिक वन सञ्चालनमा रहेका साथै पर्याप्त सिमसार क्षेत्र पनि भएकोले यस नगरलाई **"हरित नगरपालिका"घोषणा** गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

नगरपालिकालाई **आध्यात्मिक नगरपालिका घोषणा गर्न नेपाल सरकारलाई सिफारिस साथ अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं ३०**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिती, २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी, २०६८ वमोजिम देवदह नगरपालिकाको **बालमैत्रि कार्यक्रम सञ्चालन गर्ने** निर्णय गरियो ।

**निर्णय नं ३१**

नगरपालिकाभित्र क्रियाशिल ९९ वटा **टोल सुधार समिति गठन** भएका र टोल सुधार समितिको एल.जि.सि.डि.पि.कार्यक्रम तथा अन्य साझेदार संस्था मार्फत क्षमता बिकास गरि नगरपालिकाले **साझेदारी कार्यक्रम सञ्चालन गर्ने** निर्णय गरियो ।

**निर्णय नं ३२**

देवदहमा अत्यधिक मात्रामा आलु उत्पादन हुने भएकोले एक सुविधा सम्पन्न **"कोल्ड स्टोर"** आवश्यक भएको हुँदा नगरपालिकाको उपयुक्त स्थानमा कोल्ड स्टोर स्थापना गर्न संभाव्यता अध्ययन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

नगरपालिकाका कर्मचारीको सुविधालाई ध्यान दिई **कर्मचारी कल्याण कोषमा** आ.व. २०७४।०७५ मा नगरपालिका कोषबाट **रु. १० लाख विनियोजन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ३४**

यस नगरपालिकामा लामो समयदेखि **करारमा कार्यरत कर्मचारी**ले जीवनको महत्वपूर्ण समय योगदान पुऱ्याएको हुँदा **आवश्यक प्रकृया पूरा गरी स्थायी गर्नको लागि नेपाल सरकारसँग अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ३५**

देवदह नगरलाई **सफा, सुन्दर र हराभरा नगर** बनाउन **सरसफाई कोष स्थापना** गर्नको लागि सरसफाई कार्यविधि तयार गरि उक्त कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३६**

विकासमा साझेदारको योगदान र परिचालनलाई प्रभावकारी तुल्याउन र आन्तरिक आयमा समेत अभिवृद्धि गर्न **सार्वजनिक-निजी-साझेदारी (PPP) नीतिको अवधारणा अनुरुप लगानी गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ३७**

नगरपालिकामा **आधारभूत करका प्रतिशतको दायरालाई क्रमशः घटाउदै लैजान करको दायरालाई फराकिलो पार्दै स्थानीय कर प्रणालीलाई वैज्ञानिक तुल्याउने** निर्णय गरियो ।

**निर्णय नं. ३८**

नगरपालिकाको वर्तमान **कर्मचारी संगठन संरचना**का आधारमा विस्तारित वडा कार्यालयमा थप कर्मचारी व्यवस्थापन गर्नुपर्ने भएकोले हाल कायम रहेका दरबन्दी संरचना कायम राखी **यसै आर्थिक वर्षदेखि** लागू हुने गरी निम्नानुसार **दरबन्दी संरचना थप गरी स्वीकृत** गर्न संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल

| क्रं. सं. | पद | थप आवश्यक दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास अधिकृत (छैंठौ तह),अप्राविधिक | १ | स्थानीय निकाय |
| २ | नायव सुव्वा, सहायक स्तर (पाँचौं तह),अप्राविधिक | ५ | स्थानीय निकाय |
| ३ | सव इन्जिनीयर सहायक स्तर (पाँचौं तह), प्राविधिक | २ | स्थानीय निकाय |
| ४ | कम्प्यूटर अपरेटर (पाँचौ तह) | १ | स्थानीय निकाय |
| ५ | खरिदार, सहायकस्तर (चौथो तह),अप्राविधिक | ६ | स्थानीय निकाय |
| ६ | असिष्टेण्ट सव इन्जिनियर (चौथो तह), प्राविधिक | १ | स्थानीय निकाय |
| ७ | सवारी चालक (हेभी) | १ | स्थानीय निकाय |
| ८ | सवारी चालक (हलुका) | २ | स्थानीय निकाय |
| ९ | कार्यालय सहयोगी | ५ | स्थानीय निकाय |
| १० | नगर प्रहरी (हवल्दार) | १ | स्थानीय निकाय |
| ११ | नगर प्रहरी (जवान) | ४ | स्थानीय निकाय |
| जम्मा | | २९ | |

**निर्णय नं. ३९**

नगरपालिका क्षेत्रभित्र सरकारी र गैर सरकारी संघसंस्थाबाट कार्यक्रम संचालन गर्ने क्रममा नगरपालिका कार्यालय मार्फत बजेट निकाशा गर्नुपर्ने अवस्थामा **कूल निकाशा रकमको २ प्रतिशतले हुन आउने रकम सेवा शुल्क कट्टी गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ४०**

देवदह नगरपालिकामा लागू भएको **"देवदह भवन मापदण्ड, २०७२( परिमार्जन सहित ) "** कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

नगरपालिका कार्यालयले नगरवासीलाई उपलव्ध गराउदै आएको सेवा तथा सुविधालाई अझ वढि प्रभावकारी वनाउदै लैजाने सन्दर्भमा नगरपालिकाबाट संचालित आयोजनाको **सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण लगायतका कार्यक्रमको अन्तिम प्रतिवेदनमा सम्पूर्ण नगरवासीहरुबाट व्यक्त सुझावलाई कार्यान्वयन गर्ने** निर्णय गरीयो ।

**निर्णय नं. ४२**

नगरपालिकाको जग्गाको क्षेत्रफल अनुरुप नाप-नक्सा तयार गरि फिल्डमा एकिन रेखाकंन गर्न कठिनाइ भएको, नदिका बहाव परिवर्तन भएका र सार्वजनिक बाटोको लगत कट्टि नहुदा समस्या भएकोले **नगरपालिका क्षेत्रको जग्गा पुनः नाप-नक्सा गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने** निर्णय गरीयो ।

**निर्णय नं ४३**

नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को बजेट अनुसारका कार्यक्रम कार्यान्वयन गर्दा असम्भव भएका तथा बजेट घटवढ भई आएका **कार्यक्रम संचालन गर्ने अधिकार प्रचलित कानुन बमोजिम नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने** साथै आर्थिक वर्ष २०७३/०७४ को नगरपालिका वोर्डद्वारा भएको संशोधित आय-व्यय अनुमान पनि अनुमोदन गर्ने निर्णय गरियो तथा विषयगत वा अन्य शिर्षकमा रहेको रकम कार्यपालिकाको निर्णयवाट खर्च गर्ने समेत निर्णय गरियो । साथै नगरपालिकाको आर्थिक वर्ष २०७३/०७४ मा सम्पन्न भएका **सम्पूर्ण कार्यक्रम तथा आयोजना अनुमोदन गर्ने निर्णय** गरीयो ।

**निर्णय नं. ४४**

**आवधिक नगर विकास योजना, नगर यातायात गुरु योजना, नगर पार्श्व चित्र, बृहत शहरी विकास गुरु योजना, नगरस्तरीय भू उपयोग योजना लगायतका गुरुयोजना, योजना, कार्यविधि, विनियम, निर्देशिका** नगर कार्यपालिकाबाट स्विकृत पश्चात मात्र लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

**पर्यटन गुरुयोजना, २०७२** अनुरुप आवश्यक थप वजेट विनियोजन गर्न लुम्बिनी बिकास कोष तथा नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

नगरपालिकाबाट निर्माण हुने सडकमा दुवैतर्फ नाला निर्माण तथा **हरियाली नगर** बिकास गर्ने उद्देश्य अनुरुप बृक्षारोपण सहित सौर्य सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिने निर्णय गरियो र नगरपालिकाको मुख्य सडक तथा आसपासको क्षेत्रमा **सडक सौर्यबत्ती** उपभोक्ता समितिसँगको सहकार्यमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने साथै सडक सौर्यबत्तिमा विज्ञापन राख्न चाहने संघ संस्थालाई आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

नगरक्षेत्रभित्र **छाडा गाई वस्तु व्यवस्थित गर्न वडा समितिको समन्वयमा सम्बन्धित निकायसँग सहकार्य गर्ने** निर्णय गरियो ।

**निणर्य नं. ४८**

नगरपालिकाको वडा नं. ९ स्थित **नागथान मन्दिर संरक्षण समितिको क्षेत्रमा सुविधा सम्पन्न "आवासिय विपश्यना ध्यान केन्द्र"** निर्माण गरी सो संचालनमा आवश्यक सहयोग गर्न लुम्बिनी बिकास कोष, जिल्ला समन्वय समिति, रुपन्देही र संस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

नगरपालिकाको **शहरी बिकासको गूरुयोजना तयार गर्दा देहायका क्षेत्रहरुको पूर्ण नक्सांकन गर्ने** निर्णय गरियो :

१. भवानीपुर मन्दिर क्षेत्र    २. वैरीमाई कन्यामाई    ३. देवदह    ४. देवदह मण्डप
५. यशोधरा पार्क    ६. रोहीणि नदी स्नानघाट    ७. धर्मोदय विहार    ८. चक्रपथ
९. मायादेवी पार्क    १०. लोकेश्वर घाट मन्दिर

**निर्णय नं. ५०**

आर्थिक वर्ष ०७४/०७५ **लैगिक हिंसा न्यूनीकरण वर्षको** रुपमा मनाउन वडा समितिको समन्वयमा देहायका **कार्यक्रम संचालन** गर्ने निर्णय गरियो :

**१**. टोल सुधार समितिलाई सशक्तिकरण गर्ने ।   **२**. सार्वजनीक सुनुवाई गर्ने ।   **३**. तालिम संचालन गर्ने ।
**४**. कार्यक्रम संचालनमा गैर सरकारी संस्थालाई परिचालन गर्ने ।   **५**. सामुदायिक परिचालन र वहस पैरवीगर्ने ।
**६**. लैगिंक हिंसा भएमा तत्काल रोक्न पैरवी गर्ने ।   **७**. वडा समिति मार्फत वहस पैरवी कार्यक्रम संचालन गर्ने ।
**८**. प्रत्येक वडामा लैगिक सम्पर्क व्यक्तितोक्ने ।

**निर्णय नं. ५१**

आर्थिक वर्ष ०७१/०७२ र ०७२/०७३ को **अन्तिम लेखापरीक्षण प्रतिवेदन** पारित गरी प्रतिवेदनमा औल्याएका विषयलाई कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५२**

विद्यालय क्षेत्रमा अनिवार्य रुपमा **वालमैत्री नगरका सूचकहरु पूरा गर्न** चालु आर्थिक वर्ष २०७४/०७५ मा **बालमैत्री भौतिक पूर्वाधारमा लगानी गर्ने** निर्णय गरियो । साथै **बालमैत्री नगर घोषणा कार्ययोजना नगर कार्यपालिकाबाट तयार गरी स्वीकृत भएबमोजिम हुने** र घोषणा पनि गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

नगरपालिकाको वडा नं. ८ मा रहेको **बढिमाई मन्दिरको नाम** अपभ्रम्स भई **बैरीमाई भएको** हो भन्ने **सम्वन्धमा नगर कार्यपाकिाद्धारा तीन सदस्यीय समिति गठन** गरी **सोको सुझावको आधारमा नामाकरण** गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

देवदह क्षेत्रको **बजार क्षेत्र र मासु पसल** साथै व्यापार व्यवसायको **अनुगमन गर्नका लागि नगर कार्यपालिकाले समिति गठन** गरी अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

नगरपालिकामा **एकिकृत सम्पति कर चालु आर्थिक वर्षको माघ महिनादेखि लागू गर्ने** र यसको लागि कार्यविधि वनाई लागू गर्न नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

आर्थिक वर्ष ०७४/०७५ मा **संचालित तालिम तथा कार्यक्रम र बैठक भत्ता लगायतका लागि खर्चको अधिकतम सीमा (Norms)** तपशिल बमोजिम सञ्चालन तथा कार्यान्वयन गर्ने निर्णय गरियो :

तपशिल :

| क.सं. | खर्च क्षेत्र | इकाई | दर (रु.) | सीमा |
|---|---|---|---|---|
| १ | कार्यक्रम संयोजक भत्ता | प्रति दिन | २,००० | बढीमा ५ दिनसम्मको मात्र |
| २ | श्रोत व्यक्तिको पारिश्रमिक(बाह्य) | प्रति सेसन | २,५०० | एक घण्टा तिस मिनेटको लागी |
| ३ | श्रोत व्यक्तिको पारिश्रमिक(आन्तरीक) | प्रति सेसन | १,५०० | एक घण्टा तिस मिनेटको लागी |
| ४ | सहजकर्ता पारिश्रमिक (बाह्य) | प्रति सेसन | १,५०० | एक सेसनमा एक जना मात्र |
| ५ | सहजकर्ता पारिश्रमिक (आन्तरीक) | प्रति सेसन | १,००० | एक सेसनमा एक जना मात्र |
| ६ | खाजा खर्च | प्रति व्यक्ती | १५० | दिनको एक पटक मात्र |
| ७ | खाना खर्च | प्रति व्यक्ती | ३०० | दिनको एक पटक मात्र |
| ८ | चिया खर्च | प्रति व्यक्ती | ५० | दिनको दुई पटक मात्र |
| ९ | सहभागी स्टेशनरी | एकमुष्ठ | १०० | कापी, कलम र अन्य |
| १० | तालीम स्टेशनरी | एकमुष्ठ | १,००० | मार्कर, बोर्डपेन, लूजपेपर आदी |
| ११ | आवासीय तालीममा प्रति सहभागी | प्रति व्यक्ती प्रति दिन | १,००० | खान बस्न सहित |
| १२ | उद्घाटन खर्च | एकमुष्ठ | १,००० | आबश्यकता अनुसार |
| १३ | समापन खर्च | एकमुष्ठ | १,००० | आबश्यकता अनुसार |
| १४ | प्रतिवेदन लेखन | प्रति तालीम | १,५०० | एक कार्यक्रममा एक जना मात्र |
| १५ | बैठक भत्ता | प्रति बैठक | १,००० | प्रति व्यक्ती |
| १६ | अनुगमन भत्ता | प्रति दिन (अधिकृत स्तर) | | दै. भ्र. भत्ताको नियमानुसार |
| १७ | अनुगमन भत्ता | प्रति दिन (सहायक स्तर) | | दै. भ्र. भत्ताको नियमानुसार |
| १८ | अनुगमन भत्ता | प्रति दिन (श्रेणी बिहिन) | | दै. भ्र. भत्ताको नियमानुसार |
| १९ | अतिरिक्त समयमा काम गर्दा | प्रति घण्टा | तलव स्केलको घण्टा अनुसार | एक दिनमा दुई घण्टा भन्दा बढी समय काम गरेमा मात्र |
| २० | अन्य विविध खर्च | प्रति कार्यक्रम | आवश्यकता अनुसार | ब्यानर तथा फोटोकपी |
| २१ | बाह्य श्रोत व्यक्ति बासखर्च | प्रति दिन | दै.भ.भत्ता नियमअनुसार | कार्यक्रम अवधि र अघिल्लो दिन सम्मको |
| २२ | बाह्य श्रोत व्यक्ति यातायात खर्च | आउदा र जादाको दिनको मात्र | दै.भ.भत्ता नियमअनुसार | हवाई टिकट वा बस भाडा अनुसार |
| २३ | सहभागी यातायात खर्च | प्रति दिन | ५०० | आते जाते दूबैको(दूरी अनुसार) |
| २४ | हल भाडा | प्रति दिन | कर विजक अनुसार | कर विजक अनुसार |

**नोट:** बिशेष प्रकृतीको तालिम (राष्ट्रिय स्तरको प्रशिक्षक) भएमा औचित्य पुष्ट्याई हूने गरी सम्झौताको आधारमा प्रशिक्षक भत्ता उपलब्ध गराउन सकिनेछ ।

**निर्णय नं. ५७**

**देवदह नगरपालिका रहेको हालको जग्गाको** ( जग्गा साविक केरवानी गा.बि.स. हाल वडा कार्यालय र साविक देवदह गा.वि.स. हाल वडा कार्यालयले चर्चेको क्षेत्र देवदह नगरपालिकाको ) **नगरपालिकाको नाममा जग्गाधनि प्रमाण पूर्जा उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय, रुपन्देही र जिल्ला मालपोत कार्यालय, रुपन्देही सहित सम्बन्धित निकायमा अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ५८**

नगरपालिकामा बिकास आयोजनाहरु संचालन गर्दा वन क्षेत्रको जग्गा भएर सडक, कुलो, बाँध, खानेपानी, पाईप लाईन, विद्युतिकरण जस्**ता बिकास निर्माण कार्य संचालन गर्दा वन कार्यालयसँग समन्वय गरी संचालन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ५९**

बाल भेलाबाट आएका योजना तथा कार्यक्रमलाई बालमैत्री स्थानीय शासन कार्यक्रममा समावेशि गरी कार्यान्वयन गर्ने र नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउन देवदह नगरपालिकाभित्र रहेका **बाल बालिकाको लागि आवश्यक आचार संहिता नगर कार्यपालिकावाट पारित गरी लागू गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ६०**

**मायादेवी पार्क आसपासको जग्गामा लुम्विनी वौद्ध विश्व विद्यालयको एउटा आंगिक संकाय संचालन गर्नको लागि भवन निर्माण गर्न आवश्यक प्रकृया पूरा गरी अगाडि बढाउन नेपाल सरकारका संवद्ध निकायसँग अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ६१**

**गैर सरकारी संघ संस्था र अन्य संस्थाको समन्वयमा नमुना कार्यक्रमको रुपमा** यस आर्थिक वर्षमा **सड्ने र नसड्ने फोहर छुट्याउन** निजी क्षेत्रको सहभागिता समेत हुने गरी ५०/५० प्रतिशत सहभागितामा **कम्पोस्ट विनको प्रयोग गर्ने व्यवस्था मिलाउने** निर्णय गरियो । सड्ने फोहरवाट कम्पोष्ट मल वनाई घरमै प्रयोगमा ल्याउने व्यवस्था कार्यान्वयनमा ल्याउने र नगरपालिकालाई क्रमश **शुन्य फोहर नगर**को अवधारणा तर्फ उन्मुख गराउने निर्णय गरियो ।

**निर्णय नं. ६२**

देवदहभित्रका **सामूदायिक वन र वन संजालको समन्वय र सहकार्यमा नगरका खालि स्थान र सडकको दायाँवायाँ कम्तीमा १५ प्रतिशत सडकमा वृक्षारोपण गर्ने** अभियानलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ६३**

नगरपालिकाका तपशिलका आयोजना तथा कार्यक्रमहरुलाई **"देवदह गौरवको आयोजना"** को रुपमा घोषणा गर्ने निर्णय गरियो :

तपशिल

१. देव दह ( मंगल पुष्करिणी दह ) बोटानिकल गार्डेन सहितको आयोजना निमार्ण,

२. महामानव गौतम वुद्धको मावलीस्थल भवानीपुरमा नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी विकास कोषको सहकार्यमा "THE GOLDEN TEMPLE OF LOVING BUDDHA" निर्माण आयोजना,

३. मायादेवी चक्रपथ निर्माण आयोजना,

४. नगरपालिकाको वडा कार्यालय शितलनगरको जग्गामा पर्यटन संग्रहालय र पर्यटक सूचना केन्द्र, कोसेलीघर सहितको वहुउद्देश्यीय भवन निर्माण आयोजना,

५. योग, आयूर्वेद र ध्यानकेन्द्र सहितको देवदह गौशाला निर्माण,

६. बैरीमाई कन्यामाई संरक्षण तथा विकास आयोजना,

७. पाकडी बृक्ष संरक्षण आयोजना,

८. देवदह मण्डप निर्माण,

९. यशोधरा पार्क निर्माण आयोजना,

१०. मायादेवी पार्क निर्माण आयोजना,

११. अमुवा भन्सारदेखि धकधई-खैरेनी हुदै पाल्पा जिल्लाको माथागढी गाउँपालिका जोड्ने सडक

१२. मुढावास हुदै पाल्पा जिल्लाको तिनाउ गाउँपालिका जोड्ने सडक

१३. भवानीपुर हुदै शंकरपुर, कदमीपुर, बुद्धचोक, मघपुर हुदै पण्डीतपुर जोड्ने सडक

**निर्णय नं. ६४**

नगरपालिकाको वस्तिको भूगोल, भौतिक संरचना, जनघनत्व र जातजातिको वसोवासको आधारमा न्यूनतम ५० देखि २०० घरधूरीलाई समेटी गठन भएका **टोल सुधार समिति/टोल सुधार संस्थालाई नगरको पूर्ण सरसफाई अभियानमा सहभागी गराउने** निर्णय गरियो ।

**निर्णय नं. ६५**

देवदहमा आन्तरीक तथा बाहय पर्यटक भित्र्याउन घरबास पर्यटन कार्यक्रम **होमस्टे (HOMESTAY) संचालन** गर्न वडा नं. ३ को **शिशपुरको थारु वस्ती**लाई छनौट गरी उक्त वस्तीमा माछा र केरा खेतिको संभावना अध्ययन गर्ने र वडा नं ६ स्थित **सरनवारी** र देवदह १० स्थित **मुढावास**लाई होमस्टे (HOMESTAY) संचालन गर्न **यस वर्ष सम्भाव्यता अध्ययन गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ६६**

**पर्यटकीयस्थल माथागढीको विकास** गर्न देवदह नगरपालिका र पाल्पा जिल्ला माथागढी र तिनाउ गाउँपालिका साथै जिल्ला समन्वय समिति, पाल्पासँग समन्वय र सहकार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६७**

वौद्ध दर्शन, स्थानीय पुरातात्विक सम्पदा, संस्कृति र अनुशासन सम्वन्धी **"बौद्ध शिक्षा र देवदहको परिचय" नामक पुस्तक** देवदह नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा गत वर्षदेखि कक्षा ६ मा पठनपाठन शुरु गरिएकोमा शैक्षिक सत्र २०७५ मा **संस्थागत र सामुदायिक विद्यालयमा** कक्षा ६ र ७ मा **पठनपाठन शुरु गर्ने** निर्णय गरियो ।

**निरणर्य नं. ६८**

देवदहक्षेत्रको आध्यात्मिक तथा पर्यटकीय विकासको लागि **"देवदह विकास कोष"** स्थापनाको लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९**

नगरपालिकोको पुरातात्वीक क्षेत्र भवानीपुर, वैरीमाई, कन्यामाई, खयरडाडा र **समग्र देवदह क्षेत्रलाई उत्खनन तथा संरक्षण गर्न वजेट तथा कार्यक्रमको व्यवस्था मिलाई दिन पुरातत्व विभाग र लुम्विनी विकास कोष र नेपाल सरकारसँग अनुरोध गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ७०**

**"एक नगर एक उत्पादन"** को अवधारणा अनुरुप नगरपालिकाभित्र दुग्ध उत्पादनको पर्याप्त संभावना रहेकोले दुग्ध उत्पादनलाई पहिचानको रुपमा वजारीकरण गरी **युवा पुस्तालाई दुग्ध उत्पादन तथा दुग्ध परिकारजन्य उद्यम संचालन गरी स्वरोजगारको अवसर सृजना गर्न आर्कषित गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ७१**

स्थानीय गैर सरकारी संघसंस्थाको सहकार्यमा **देवदहभित्रका युवा उद्यमी व्यवसायी कृषकको सूचि तयार गर्ने** निर्णय गरियो ।

**निर्णय नं. ७२**

यस आर्थिक वर्षमा सञ्चालन हुने रु. ५ लाख वा सोभन्दा माथिका योजनामा ३ प्रतिशतका दरले **कन्टिनजेन्सी कट्टी** गरि भुक्तानी गरिने निर्णय गरियो ।

**निर्णय नं. ७३**

यस आर्थिक वर्षमा **वडा कार्यालय सञ्चालनको लागि** विनियोजित हुने बजेट रकम **रु. ५ लाख** तपशिल बमोजिमका शिर्षकमा सम्बन्धित वडाबाटै नियमानुसार खरिद तथा खर्च गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | वडा समितिको वैठक भत्ता | २,७०,००० |
| २ | बैठकमा चिया र खाजा खर्च | ६०,००० |
| ३ | वडा कार्यालयको विजुली र पानी महसुल | २४,००० |
| ४ | वडा कार्यालयको टेलिफोन महसुल | २४,००० |
| ५ | वडा कार्यालयको इन्टरनेट महसुल | २०,००० |
| ६ | वडा कार्यालयको स्टेशनरी खर्च | ३६,००० |
| ७ | पदाधिकारी/कर्मचारी इन्धन खर्च | ५०,००० |
| ८ | विविध खर्च | १६,००० |
| | जम्मा : | ५,००,००० |

**निर्णय नं. ७४**

नेपाली मौलिकता झल्कने वौद्ध गुम्वा विहार, शितलनगरमा सञ्चालन गर्न सम्बन्धित निकायसँग सहयोग माग गर्ने निर्णय गरियो ।

**निणर्य नं. ७५**

देवदह नगरपालिकाको वडा नं. १ र २ मा रहेको राष्ट्रिय आवास कम्पनीको जग्गा नाप-नक्सा भैसकेकोले जग्गाधनी प्रमाणपुर्जा वितरण गर्न सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७६**

महिला सशक्तिकरणको लागि महिलाको क्षमता विकास गर्न विभिन्न किसिमका सिपमूलक तालिमको आयोजना गरी महिलालाई आत्मनिर्भर बनाउने निर्णय गरियो ।

**निर्णन नं. ७७**

नगरपालिकाभित्र रहेका आदिवासी जनजातिका प्राचिन सँस्कृतिको संरक्षण र विकासका लागि आवश्यक कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७८**

नगरपालिकाका यूवा जनशक्तिलाई व्यवसायिक कृषिमा आकर्षित गर्नको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने र रोजगारी सृजना गर्ने निर्णय गरियो ।